# बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६







नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर

# बहुभाषिक शिक्षा

## कार्यक्रम कार्यान्वयन निर्देशिका

२०६६

नेपाल सरकार

**शिक्षा मन्त्रालय**

केशरमहल, काठमाडौं

**प्रकाशक**

नेपाल सरकार

शिक्षा मन्त्रालय

सानोठिमी, भक्तपुर

**सर्वाधिकार**

शिक्षा मन्त्रालय

पहिलो संस्करण २०६७

**प्रस्तावना**

सबै बालबालिकाहरूलाई आधारभुत गुणात्मक शिक्षा प्रदान गर्ने नेपाल सरकारको प्रयासमा सहयोग पुऱ्याउन मातृभाषामा शिक्षा लिन पाउने अधिकार स्थापित गर्ने कार्यमा भाषिक समुदाय, विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, सामुदायिक एवंम् गैरसरकारी सङ्घ/संस्था आदि सबै पक्षको महत्वपूर्ण भूमिका हुने भएकाले विद्यालयीय शिक्षासँग सम्बन्धित सवैको भूमिका सुनिश्चित गरी मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने उद्देश्यले शिक्षा नियमावली, २०५९ को नियम १९२ (ङ) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद - १

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम "बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका-२०६६" रहेको छ।

(ख) यो निर्देशिका शिक्षा मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि जारी हुनेछ। यसमा लेखिएका प्रावधानहरू निर्देशिकामा कार्यान्वयन अवधि उल्लेख भएकोमा सोहीबमोजिम र अन्यको हकमा जारी भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ लाई सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनुपर्दछ।

(ग) "निर्देशिका" भन्नाले बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका-२०६६ लाई सम्झनुपर्दछ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालयलाई सम्झनुपर्दछ।

(ङ) "आदिवासी जनजाति" भन्नाले नेपाल सरकारबाट आदिवासी जनजाति भनी सूचीकृत भएका जातिहरू सम्झनुपर्दछ।

(च) "स्थानीय भाषिक समुदाय" भन्नाले विद्यालय सेवा क्षेत्रमा बसोबास गरेका मातृभाषा बोल्ने एक वा सोभन्दा बढी समुदायलाई जनाउँछ ।

(छ) "मातृभाषा" भन्नाले बालबालिकाले आफ्नो घर परिवारमा बोल्ने पहिलो भाषालाई जनाउँछ ।

(ज) "एकल मातृभाषी विद्यालय" भन्नाले विद्यालय सेवा क्षेत्रभित्रका एउटै भाषिक समुदायका विद्यार्थीहरू रहेको वा सबैले एकै किसिमको स्थानीय भाषा प्रयोग गर्ने अवस्थाको विद्यालयलाई जनाउँछ।

(झ "द्विभाषी विद्यालय" भन्नाले विद्यालय सेवा क्षेत्रभित्र दुई भाषिक समुदायका विद्यार्थी रहेको वा विद्यालयमा फरक फरक दुई भाषा प्रयोग हुने अवस्थाका विद्यालयलाई जनाउँछ।

(ञ) "बहुभाषी विद्यालय" भन्नाले विद्यालय सेवा क्षेत्रभित्र दुईभन्दा बढी भाषिक समुदायका बालबालिका रहेको र विद्यालयमा दुईभन्दा बढी भाषा प्रयोग हुने अवस्थाका विद्यालयलाई जनाउँछ।

(ट) "आधारभूत शिक्षा" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको ढाँचामा सञ्चालित कक्षा १-८ सम्मको शिक्षालाई सम्झनुपर्दछ।

(ठ) "बहुभाषी शिक्षा" भन्नाले स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षालाई जनाउँद छ।

(ड) "निर्देशन समिति" भन्नाले यसै निर्देशिकाबमोजिम गठन भएको राष्ट्रिय बहुभाषिक शिक्षा निर्देशन समितिलाई बुझ्नुपर्दछ।

## परिच्छेद - २

### कार्यान्वयन ढाँचा

**३. शैक्षिक प्रणालीको अभिन्न अङ्गको रूपमा बहुभाषिक शिक्षाः**

३.१ मातृभाषामा आधारित बहुभाषिक शिक्षा हाल सञ्चालित शैक्षिक कार्यक्रमभन्दा बेग्लै नभएर यसलाई समग्र शैक्षिक प्रणालीको अभिन्न अङ्गको रूपमा रहेको मानिनेछ।

३.२ सरकारका विभिन्न निकाय एवम् विद्यालय समुदायले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूमा मातृभाषामा शिक्षा दिने कार्यलाई एकीकृत रूपमा अगाडि बढाउनु सम्बन्धित सबैको दायित्व हुनेछ ।

**४. शिक्षाको माध्यमको रूपमा मातृभाषा**

४.१ सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ । आधाभूत तहसम्म मातृभाषामा शिक्षा दिने कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न मातृभाषाका माध्यमवाट शिक्षा दिन चाहने विद्यालयहरूमा देहायबमोजिमका आधारमा मातृभाषाको प्रयोगलाई व्यवस्थित गरिनेछ ।

४.२ पूर्वप्राथमिक तहको शिक्षाको माध्यम भाषा स्थानीय मातृभाषा हुनेछ ।

४.३ आधारभूत शिक्षाको कक्षा १-३ मा भाषा विषय (नेपाली र अङ्ग्रेजी) बाहेकका सबै विषयको शिक्षण-सिकाइको माध्यम भाषा सामान्यतया स्थानीय मातृभाषा हुनेछ।

४.४ आधारभूत शिक्षाको दोस्रो चरण (कक्षा ४-५) मा भाषा विषय (नेपाली र अङ्ग्रेजी) बाहेकका सबै विषयको शिक्षण सिकाइको माध्यम भाषा मातृभाषा र सरकारी कामकाजका लागि तोकिएको भाषा वा सम्पर्क भाषा हुनेछ ।

४.५ आधारभूत शिक्षाको कक्षा ६-८ मा मातृभाषालाई विषयको रूपमा अध्यापन गर्न सकिनेछ तर कुनै विद्यालयले चाहेमा यस तहको शिक्षा मातृभाषामा उपलब्ध गराउन यस निर्देशिकाको कुनै बुँदाले बाधा पारेको मानिने छैन ।

४.६ अनौपचारिक शिक्षामा मातृभाषातर्फ आधारभूत साक्षरताको माध्यम भाषा स्थानीय मातृभाषा र साक्षरोत्तर शिक्षा स्थानीय मातृभाषा वा सम्पर्क भाषा वा दुवै भाषामा दिन सकिनेछ ।

**५ विषयको रूपमा मातृभाषा शिक्षण**

५.१ मातृभाषाको माध्यमबाट शिक्षण-सिकाइ गरिने विद्यालयमा वा नेपाली, अङ्ग्रेजी माध्यमबाट शिक्षण गरिने विद्यालयमा विषयको रूपमा मातृभाषा शिक्षण गर्न सकिनेछ ।

५.२ शिक्षाको माध्यम नेपाली भाषा बाहेकका अन्य स्थानीय मातृभाषा सञ्चालन भएका विद्यालयमा दोस्रो भाषाको रूपमा नेपाली भाषाको शिक्षण-सिकाइ गरिनेछ ।

५.३ एउटै विद्यालयमा एकभन्दा बढी भाषिक समुदायका बालबालिका रहेको अवस्थामा भाषिक समुदाय एवम् विद्यालय व्यवस्थापन समितिले एकभन्दा बढी स्थानीय मातृभाषालाई विषयको रूपमा शिक्षणको व्यवस्था मिलाउन सक्नेछ।

५.४ मातृभाषालाई माध्यम तथा विषयका रूपमा विद्यालयमा लागू गर्दा विद्यालयले वहुभाषिक समुदायका सवै बालबालिकाको हितलाई ध्यानमा राखेर सिकाइ सरल र सहज बनाउन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र स्थानीय भाषिक समुदायसँग परामर्श गर्नुपर्नेछ।

५.५ विद्यालयले मातृभाषालाई विषयको रूपमा विकास गर्दा नेपाल सरकारको प्रचलित नियम कानुनको परिधिभित्र रही स्थानीय भाषिक समुदायको भाषा, संस्कृति, भेषभूषा, सीप तथा प्रविधि, मूल्य मान्यता आदिलाई स्रोतको रूपमा अङ्गीकार गर्नुपर्दछ।

## परिच्छेद - ३

## कार्यान्वयन प्रक्रिया

**६ मातृभाषामा शिक्षाका लागि पूर्वाधार**

विद्यालयमा शिक्षाको माध्यमका रूपमा मातृभाषा प्रयोग गर्नका लागि देहायबमोजिम प्रक्रिया अपनाउनुपर्नेछ :

६.१ भााषिक समुदाय/विद्यालयले शिक्षण-सिकाइको माध्यमका रूपमा भाषा प्रयोगसम्बन्धी प्रारम्भिक अवधारणा विद्यालय व्यवस्थापन समितिमा छलफल गर्ने।

६.२ विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रबाट विद्यालय आउने विद्यार्थीहरू र कार्यरत शिक्षकहरूको भाषिक अवस्थाको विवरण नक्शाकङ्न अद्यावधिक गरी राख्ने।

६.३ विद्यालयले गाविस/नपा र भाषिक समुदाय समेतको सहभागिता सुनिश्चित गरी अभिभावक भेला गराउने।

६.४ अभिभावक भेलामा मातृभाषा प्रयोगका सकारात्मक पक्षहरू र यसका लागि विद्यालय/भाषिक समुदायले गर्नुपर्ने तयारीका विषयमा छलफल तथा अन्तर क्रिया गर्ने।

६.५ भाषिक समुदाय/अभिभावकहरूको भेलाका सन्दर्भहरूलाई बालबालिकाको सिकाइ प्रक्रियालाई केन्द्रबिन्दुमा राखेर छलफल गर्ने।

६.६ अभिभावकहरूका निचोड कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको बैठक बोलाई विद्यालय मातृभाषा विकास विद्यालय व्यवस्थापन उपसमिति गठन गर्ने।

६.७ विद्यालय व्यवस्थापन समितिले मातृभाषा शिक्षा कार्यान्वयन गर्दा अल्पकालीन र दीर्घकालीन रूपमा गरिने कार्यहरू निश्चित गरी विद्यालय सुधार योजनामा समावेश गर्ने।

६.८ आफूले सञ्चालन गर्न लागेको मातृभाषामा शिक्षासम्बन्धी योजना गाविस/नपा स्रोतकेन्द्र र जिल्ला पाठ्यक्रम समन्वय समितिमा पेस गर्ने।

६.९ मातृभाषामा शिक्षा दिने विद्यालयको समग्र वातावरण बहुभाषी शिक्षा कार्यक्रम अनुकूल हुने गरी विकास गर्ने।

६.१० उल्लिखित प्रकृयामा प्रवेश नभएका अवस्थामा पनि विद्यालयले कक्षामा विद्यार्थीको आवश्यकताअनुसारको स्थानीय मातृभाषाको प्रयोगको व्यवस्था मिलाउन सक्नेछन्।

**७. साझेदारीमा मातृभाषामा शिक्षा दिने कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था**

७.१ कुनै भाषिक सङ्घ/संस्था, निकायले स्थानीय विद्यालयसँग साझेदारीमा मातृभाषासम्बन्धी

कार्यक्रम सञ्चालन गर्न चाहेमा सोको विवरण खोली समन्वयका लागि सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिमा निवेदन दिनुपर्नेछ।

७.२ माथिको बुँदा ७.१ अनुसार विद्यालयमा प्राप्त निवेदन सम्बन्धमा भाषिक समुदाय एवम् अभिभावकहरूसँगको छलफलका आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालय र साझेदारको भूमिका स्पष्ट हुने गरी गा.वि.स./ न.पा.मा पेस गर्नुपर्नेछ।

७.३ माथि बुँदा ७.२ अनुसार प्राप्त भएको निवेदन उपर ग.विस./नपा ले छलफल गरी मनासिव देखिएमा जिल्ला पाठ्यक्रम समन्वय समितिमा सिफारिस गर्नुपर्नेछ।

७.४ जिल्ला पाठ्यक्रम समन्वय समितिले प्राप्त सिफारिस अध्ययन गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्नेछ।

# परिच्छेद - ४

## शिक्षकसम्बन्धी व्यवस्था

**८. मातृभाषा शिक्षक तोक्ने**

८.१ विद्यालयमा अध्यापन हुने मातृभाषाका आधारमा विद्यालयले मातृभाषा शिक्षक तोक्नुपर्नेछ।

८.२ विद्यालयहरूमा मातृभाषामा अध्यापन गर्न कार्यरत शिक्षकहरूमध्ये सम्बन्धित मातृभाषाको वा स्थानीय मातृभाषा बोल्न, लेख्न एवम् राम्रोसँग प्रयोग गर्न सक्ने १ जना शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले मातृभाषा शिक्षक तोक्नेछ।

८.३ विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये मातृभाषा बोल्न लेख्न एवम् प्रयोग गर्न सक्ने शिक्षक नभएको अवस्थामा समन्वयमा विद्यालय/जिल्ला शिक्षा कार्यालयमार्फत नियमानुसार सरूवा गरी व्यवस्था मिलाउन सकिनेछ र सोअनुसार पनि मातृभाषा शिक्षकको व्यवस्थापन हुन नसकेमा विद्यालयले आवश्यक आर्थिक स्रोतका लागि गाविस/ नगरपालिकामा सहयोग माग गर्न सक्नेछ।

८.४ बुँदा ८.३ बमोजिम सहयोगका लागि माग भएमा स्थानीय स्वायत्त शासन ऐन २०५५को दफा २८घ(३) एवं दफा ९६घ(३) समेतका आधारमा गाविस/नपाले आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

८.५ यसरी गाविस / नपा को आर्थिक दायित्वबाट नियुक्त शिक्षकलाई गाविस/नपाले कुनै एक विद्यालयमा वा एकभन्दा बढी विद्यालयमा मातृभाषा शिक्षणसम्बन्धी कार्य गर्न जिम्मेवारी तोक्न सक्नेछ।

**९ मातृभाषा शिक्षकका काम कर्तव्य**

९.१ विद्यालयमा मातृभाषा शिक्षकको रूपमा तोकिएका शिक्षकहरूको काम कर्तव्य देहाय अनुसार हुनेछ :

(क) स्थानीय भाषिक समुदाय र विद्यालयका बीचमा समन्वय गर्ने, मातृभाषासम्बन्धी सचेतना कार्यक्रम गर्ने।

(ख) स्थानीय भाषिक समुदायका ज्ञाताहरूसँग सम्पर्क गरी भाषिक सूचना सङ्कलन गर्ने।

(ग) स्थानीय समुदायमा रहेका मातृभाषी गीत, कविता, कथा, एवम् ज्ञान विज्ञानका तथ्यहरू सङ्कलन गर्ने।

(घ) विद्यालयमा स्रोतव्यक्तिका रूपमा भाषिक समुदायका ज्ञाताहरूलाई आमन्त्रण गर्ने ।

(ङ) स्थानीय मातृभाषा विकास संवर्धन र प्रवर्धनका लागि छलफल तथा अन्तरक्रिया गर्ने।

(च) मातृभाषा विषयको पाठ्यक्रम विकास र कार्यान्वयनका लागि संयोजन गर्ने ।

(छ) मातृभाषा पाठ्यपुस्तक विकासका लागि स्थानीय भाषिक समुदायको संलग्नता सुनिश्चित गर्न पहल गर्ने ।

(ज) मातृभाषासम्बन्धी विविध वालसन्दर्भ सामग्री विकासका लागि विद्यालयमा मातृभाषा सामग्री सङ्कलन बैङ्क तयार गर्ने र सङ्कलित सामग्रीलाई पठनपाठनमा प्रयोग गर्ने तथा अन्य शिक्षकहरूलाई पनि प्रयोग गर्न प्रोत्साहन गर्ने ।

(झ) विद्यालयमा मातृभाषा सम्बन्धमा अन्य शिक्षकहरूलाई परेको समस्या समाधान गर्न क्रियाशील रहने ।

(ञ) विद्यालय मातृभाषा विकास विद्यालय व्यवस्थापन उप-समितिको सदस्यको रूपमा काम गर्ने ।

(ट) विद्यालयमा भएका मातृभाषासम्बन्धी गतिविधिहरूलाई जिल्ला पाठ्यक्रम समन्वय समिति तथा पाठ्यक्रम विकास केन्द्र लगायतका अन्य निकायमा प्रतिवेदन पेस गर्ने ।

(ठ) स्थानीय निकायहरूमा मातृभाषा शिक्षासम्बन्धी जानकारी प्रदान गर्ने र स्थानीय निकायसँग मातृभाषा शिक्षा विकासका लागि सहयोग आदान प्रदान गर्ने ।

# परिच्छेद - ५

## संरचनागत व्यवस्था

१०. **संरचनागत व्यवस्था**

**१०.१ राष्ट्रिय बहुभाषी शिक्षा निर्देशक समितिको गठन** : मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम सम्बन्धमा लिनुपर्ने नीति एवम् कार्यनीति तयार गर्न र विभिन्न निकायका बीचमा समन्वय स्थापित गरी कार्यान्वयनमा सहयोग पुऱ्याउन देहाय बमोजिम राष्ट्रिय बहुभाषी शिक्षा निर्देशन समिति रहनेछ :

(क) महानिर्देशक, शिक्षा विभाग - अध्यक्ष

(ख) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य

(ग) कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र - सदस्य

(घ) सह-सचिव, शैक्षिक प्रशासन महाशाखा, शिक्षा मन्त्रालय - सदस्य

(ङ) निर्देशक, अनौपचारिक शिक्षा केन्द्र - सदस्य

(च) निर्देशक, शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा विभाग - सदस्य

(छ) विश्वविद्यालय भाषा विज्ञान केन्द्रीय विभाग प्रमुखमध्येबाट समितिले छानेको व्यक्ति - सदस्य

(ज) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान प्रतिनिधि - सदस्य

(झ) नेपाल आदिवासी जनजाति महासङ्घको प्रतिनिधि - सदस्य

(ञ) विभिन्न भाषामा विशेष योगदान दिएका भाषाविज्ञहरूमध्ये समितिबाट मनोनित कम्तीमा एक जना महिला पर्ने गरी दुई जना - सदस्य

(ट) स्थानीय विकास मन्त्रालयका प्रतिनिधि - सदस्य

(ठ) समितिले तोकेको शिक्षक प्रतिनिधि - सदस्य

(ड) उपनिर्देशक, समाहित शिक्षा शाखा - सदस्य

(ढ) उपनिर्देशक, भाषा शिक्षा शाखा, पाठ्यक्रम विकास केन्द्र - सदस्य सचिव

१०.२ समितिमा आवश्यकताअनुसार बढीमा ३ जना सदस्य आमन्त्रण गर्न सकिनेछ।

१०.३ समितिको सचिवालय समितिले तोकेबमोजिम हुनेछ।

१०.४ समितिले आफ्नो कार्यविधि आफैँ तोक्नेछ।

१०.५ समितिमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ।

**११. राष्ट्रिय बहुभाषी शिक्षा निर्देशन समितिको काम कर्तव्य र अधिकार**

११.१ यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बहुभाषिक शिक्षा कार्यक्रम विकास र विस्तार गर्न नीति एवम् कार्यनीति तर्जुमा गरी स्वीकृतीका लागि मन्त्रालयमा सिफारिस गर्ने ।

(ख) केन्द्रीय निकायहरूमा समन्वय कायम गर्ने ।

(ग) पाठ्यक्रम, पाठ्यपुस्तक सम्बन्धमा लिनुपर्ने नीतिगत निर्णयका लागि पाठ्यक्रम विकास केन्द्र मार्फत राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा सिफारिस गर्ने।

घ) स्थानीय तहका शैक्षिक संस्था तथा निकायहरूलाई आवश्यक निर्देशन दिने

(ङ) मातृभाषाका विकास गर्न जनशक्ति विकास योजना तयार गरी कार्यान्वयनका लागि सिफारिस गर्ने

(च) हाल सञ्चालित कार्यक्रमको समीक्षा गर्ने र आवश्यकताअनुसार परिमार्जनका लागि सिफारिस गर्ने

(छ) मातृभाषाको लागि तयार हुने गुणात्मक पाठ्यसामग्रीको सुनिश्चिततताको लागि व्यवस्था मिलाउने ।

(ज) बहुभाषी कक्षाको लागि अनुकूल भौतिक व्यवस्थापनसम्बन्धी नीति तय गर्ने गराउने।

(झ) सरकारबाट मातृभाषाका लागि समय समयमा हुने निर्णय कार्यान्वयनको व्यवस्था गर्ने ।

११.२ यो परिच्छेदमा समितिबाट गर्ने भनिएका कार्यहरू समितिको निर्णयअनुसार सम्बन्धित निकायले गर्नेछन् ।

११.३ समितिले आफ्नो कार्य सम्पादनका लागि बैठक, सेमिनार तथा अध्ययन भ्रमण गर्न सक्नेछ र यसको आर्थिक दायित्व वार्षिक बजेट तथा कार्यक्रममा तोकेबमोजिम हुनेछ।

**१२. जिल्ला स्तरमा बहुभाषी शिक्षासम्बन्धी व्यवस्था**

१२.१ जिल्ला स्तरमा मातृभाषामा आधारित बहुभाषी शिक्षाको नीति तयार गर्ने, योजना बनाउने र कार्यान्वयनको व्यवस्था मिलाउने जिम्मेवारी जिल्ला शिक्षा समिति, जिल्ला पाठ्यक्रम समन्वय समिति र भाषिक सङ्घ/संस्थाको सहयोगमा जिल्ला शिक्षा कार्यालयको हुनेछ।

१२.२ जिल्ला शिक्षा समितिमा मातृभाषामा आधारित बहुभाषी शिक्षासम्बन्धी छलफल हुँदा जिल्लास्तरीय भाषिक सङ्घ/संस्था एवम् विज्ञहरूलाई आमन्त्रण गर्नुपर्नेछ।

१२.३ राष्ट्रिय बहुभाषी शिक्षा निर्देशन समितिले तय गरेका नीतिगत व्यवस्था कार्यान्वयन एवम् जिल्ला स्तरमा मातृभाषामा आधारित बहुभाषी शिक्षाको कार्यान्वयनमा

सहयोग एवम् समन्वय गर्ने जिम्मेवारी जिल्ला पाठ्यक्रम समन्वय समितिको हुनेछ । यसका लागि मातृभाषा एवम् बहुभाषी शिक्षासम्बन्धी प्रस्तावका लागि बस्ने बैठकमा देहायका सदस्यहरू आमन्त्रण गर्नुपर्नेछ :

(क) जिल्लास्थित आदिवासी जनजाति महासङ्घको प्रतिनिधि

(ख) जिल्ला स्तरमा मातृभाषासम्बन्धी जानकारी भएका भाषाविज्ञहरूमध्ये कम्तीमा एक जना महिला पर्ने गरी दुई जना

(ग) मातृभाषा प्रयोग भइरहेका विद्यालयका प्रधानाध्यापकमध्येबाट समितिले छानेको एक जना

(घ) मातृभाषाका लागि काम गरिरहेका शिक्षकहरूमध्ये समितिले छानेको एक जना

(ङ) शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोत केन्द्रको प्रतिनिधि एकजना

(च) कार्यरत विद्यालय निरीक्षकहरूमध्ये जिल्ला शिक्षा अधिकारीले तोकेको बढीमा ३ जना विद्यालय निरीक्षकहरू ।

**१३. जिल्ला पाठ्यक्रम समन्वय समितिको काम कर्तव्य र अधिकार**

समितिको नियमित कामको अतिरिक्त बहुभाषिक शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्लाभित्र मातृभाषामा शिक्षा दिने कार्य व्यवस्थित रूपमा सञ्चालन गर्ने गराउने सम्बन्धमा छलफल गरी जिल्लास्तरीय बहुभाषा विकास योजना तयार गर्ने ।

(ख) जिल्ला स्तरमा जिल्लाभित्रको भाषिक अवस्था झल्किने गरी भाषिक सर्वेक्षणको व्यवस्था मिलाउने ।

(ग) बहुभाषी शिक्षा सञ्चालन गर्ने विद्यालयलाई आवश्यकताअनुसार कार्यनीति एवम् कार्यक्रम तयार गरी सहयोग गर्ने

(घ) जिल्लास्तरीय निकायहरूमा समन्वय कायम गर्ने ।

(ङ) नियममा व्यवस्था भएअनुरूप स्थानीय मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक विकासमा सहयोग गर्ने ।

(च) स्रोतकेन्द्र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(छ) मातृभाषा शिक्षणका लागि जनशक्ति विकास योजना तयार गरी कार्यान्वयनको लागि सिफारिस गर्ने ।

(ज) हाल जिल्लामा सञ्चालित कार्यक्रमको समीक्षा गर्ने र आवश्यकताअनुसार परिमार्जनको लागि स्रोत केन्द्र एवम् विद्यालयलाई निर्देशन दिने

(झ) आफ्नो जिल्लामा तयार हुने मातृभाषाको पाठ्यसामग्रीको गुणस्तर सुनिश्चित गर्न व्यवस्था मिलाउने

(ञ) जिल्लामा मातृभाषामा शिक्षा दिने कार्य व्यवस्थित रूपमा सञ्चालन गर्न गराउन मातृभाषा शिक्षकसम्बन्धी जिल्लास्तरीय योजना तयार गरी जिल्ला शिक्षा समितिमा स्वीकृतिको लागि पेस गर्ने ।

(ट) सरकारबाट मातृभाषाको लागि समय समयमा हुने निर्णय कार्यान्वयनको व्यवस्था गर्ने

(ठ) सरकारबाट वा अन्य कुनै निकायबाट मातृभाषा शिक्षाका लागि निकासा हुने बजेटको बाँडफाँड गरी विद्यालयमा निकासा दिने र निरीक्षण तथा अनुगमन गर्ने गराउने ।

(ड) जिल्लाको आवश्यकताअनुसार विभिन्न भाषाका पाठ्यक्रम एवम् पाठ्यसामग्री तयार गर्न मातृभाषा प्राविधिक समिति गठन गर्ने ।

(ण) मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम सञ्चालन गर्ने गराउनेसम्बन्धी छलफल गरी कार्यान्वयनका लागि जिल्ला शिक्षा योजनामा समावेश गर्न सिफारिस गर्ने ।

(त) मातृभाषाका लागि काम गर्ने विभिन्न स्रोतको पहिचान गरी परिचालन गर्ने गराउने,

(थ) मातृभाषाका शिक्षकहरूका लागि तालिमको व्यवस्थापन गर्ने ।

(द) कुनै भाषिक सङ्घ/संस्था स्थानीय निकाय आदिले कुनै विद्यालय/स्रोत केन्द्रसँग साझेदारीमा काम गर्न चाहेमा अनुमति दिने ।

१३.१ समितिले आफ्नो कार्य सम्पादनका लागि बैठक सेमिनार तथा अध्ययन भ्रमण गर्न सक्ने छ ।

१३.२ समितिले वार्षिक बजेटको अधिनमा रही आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।

१३.३ समितिबाट गरिने भनिएका कार्यहरू समितिको निर्णयअनुसार जिल्ला शिक्षा कार्यालयले गर्ने छ ।

१४. **बहुभाषी शिक्षाका लागि स्रोत केन्द्र व्यवस्थापन समितिमा थप सदस्य आमन्त्रणसम्बन्धी व्यवस्था**

१४.१ आपनो स्रोतकेन्द्रभित्र रहेका विद्यालयमा मातृभाषामा आधारित बहुभाषी शिक्षाका लागि सहयोग एवम् समन्वय गर्न मौजुदा स्रोत केन्द्र व्यवस्थापन समितिमा देहाय अनुसारका थप सदस्यहरूलाई आमन्त्रण गर्न सकिनेछ :

(क) स्थानीय भाषिक समुदायका स्रोतकेन्द्रभित्रका बहुभाषी शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका प्र.अ. वा शिक्षक मध्येबाट जिशिअ ले तोकेको एक जना

(ख) स्थानीय भाषिक समुदायका ज्ञाताहरूमध्येबाट जिल्ला पाठ्यक्रम समन्वय समितिले तोकेको कम्तीमा एक जना महिला पर्ने गरी दुई जना

(ग) सम्बन्धित विद्यालय निरीक्षक

(घ) स्रोत केन्द्रभित्रका विद्यालयहरूमा मातृभाषा शिक्षकको रूपमा काम गर्ने गरी जिम्मेवारी पाएका शिक्षकहरूमध्ये समितिले तोकेको एक जना शिक्षक

१५. **स्रोतकेन्द्र व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारमा बहुभाषिक शिक्षासम्बन्धी देहायका काम कर्तव्यहरू थप गरिएको छ :**

(क) आफ्नो स्रोत केन्द्रभित्रको भाषिक अवस्थाको विद्यालयगत विवरण सङ्कलन गर्ने वा गर्न लगाउने

(ख) स्रोत केन्द्रभित्रका मातृभाषी शिक्षा कार्यान्वयन गर्न चाहने विद्यालयहरूलाई प्रोत्साहन गर्ने,

(ग) मातृभाषाको पाठ्यक्रम निर्माणमा सहयोग गर्ने

(घ) मातृभाषाको पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार गर्न सहयोग गर्ने

(ङ) विद्यालयबाट तयार गरिएका पाठ्यसामग्रीलाई आवश्यकताअनुसार परिमार्जन गरी संशोधनका लागि विद्यालयमा फिर्ता पठाउने,

(च) आफ्नो स्रोत केन्द्रभित्र मातृभाषालाई माध्यम भाषाको रूपमा पठनपाठन गर्ने विद्यालयले उक्त प्रयोजनका लागि तयार गरेका सामग्रीहरू नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रको स्वीकृत पाठ्यक्रमको मर्मबमोजिम भए नभएको अध्ययन गरी मान्यता मापदण्ड एवम् मनसायबमोजिम भएका पाठ्यसामग्रीलाई कार्यान्वयन गर्न अनुमतिका लागि जिल्ला पाठ्यक्रम समन्वय समितिमा पेस गर्ने

(छ) आफ्नो स्रोत केन्द्रभित्र एउटै भाषिक समुदायका बालबालिकाका लागि अनुकूल हुने गरी सामग्री विकास गर्न विद्यालयहरूको बीचमा समन्वय गर्ने

(ज) आफ्नो स्रोत केन्द्रभन्दा बाहिरका तर भाषिक समुदाय मिल्ने विद्यालयका लागि समेत एकै किसिमका सामग्री प्रयोग गर्न जिल्ला पाठ्यक्रम समन्वय समितिमा अनुरोध गर्ने,

(झ) आफ्नो स्रोत केन्द्रमा मातृभाषामा आधारित बहुभाषी शिक्षाको विकास गर्न कोषको स्थापना गर्ने,

(ञ) कुनै एक भाषिक समुदाय एवम् भाषिक समुदायका विद्यालयहरूका लागि समितिले आवश्यकताअनुसार प्राविधिक समिति गठन गर्ने र काम लगाउने,

(ट) बहुभाषी शिक्षा राष्ट्रिय निर्देशन समिति एवम् माथिल्लो निकायबाट प्राप्त निर्देशन पालना गर्ने गराउने ।

१५.१ समितिले स्वीकृत बार्षिक बजेटको अधिनमा रही बहुभाषिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने छ ।

**१६. विद्यालयस्तरीय मातृभाषा विकास विद्यालय व्यवस्थापन उपसमितिको गठन**

१६.१ विद्यालय तहमा मातृभाषामा शिक्षण सिकाइको व्यवस्थामा सहयोग पुऱ्याउन मातृभाषामा शिक्षा दिने विद्यालयका लागि देहायबमोजिमको मातृभाषा विकास विद्यालय व्यवस्थापन उपसमिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – अध्यक्ष

(ख) मातृभाषी शिक्षक एक जना – सदस्य

(ग) स्थानीय मातृभाषाका जानकारहरूमध्ये स्रोत केन्द्र व्यवस्थापन समितिबाट मनोनित एक जना – सदस्य

(घ) गाविस/नपा प्रतिनिधि एकजना – सदस्य

(ङ) प्रधानाध्यापक – सदस्य-सचिव

१६.२ मातृभाषा विकास विद्यालय व्यवस्थापन उपसमिति गठन गर्दा विद्यालयमा रहेका स्थानीय मातृभाषाका आधारमा एक वा सोभन्दा बढी उपसमिति गठन हुन सक्नेछन् ।

१६.३ मातृभाषा विकास विद्यालय व्यवस्थापन उपसमितिको काम कर्तव्य र अधिकार :

(क) विद्यालय सेवा क्षेत्रभित्र भाषिक सर्वेक्षण गराई प्रतिवेदन तयार गर्ने र सोको जानकारी स्रोतकेन्द्र समितिलाई दिने

(ख) मातृभाषा विषयको पाठ्यक्रम तयार गर्ने

(ग) पाठ्यक्रमअनुसार पाठ्यपुस्तक र अन्य शैक्षणिक सामग्री तयार गर्ने

(घ) समुदायको मौखिक ज्ञान सङ्कलन एवम् संरक्षण गर्ने र विद्यालयमा प्रयोग गर्ने व्यवस्था मिलाउने

(ङ) भाषिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने व्यवस्था मिलाउने

# परिच्छेद - ६

## पाठ्यक्रम एवम् पाठ्यसामग्री

**१७. मातृभाषामा पाठ्यक्रम एवम् पाठ्यसामग्री सम्बन्धी व्यवस्था**

१७.१ सामान्यतया मातृभाषा शिक्षा कार्यान्वयन भएको विद्यालयमा बालबालिकालाई शिक्षणको माध्यम मातृभाषामा लेखिएका पाठ्यक्रम, पाठ्यपुस्तक एवम् अन्य सामग्री स्थानीय तहमै निर्माण गर्न सकिनेछ।

१७.२ मातृभाषामा पाठ्यक्रम, पाठ्पुस्तक एवम् अन्य सन्दर्भ सामग्री तयार गर्न जिल्ला पाठ्यक्रम समन्वय समिति, स्रोत केन्द्र व्यवस्थापन समिति एवम् विद्यालय मातृभाषा विकास विद्यालय व्यवस्थापन उपसमितिले समन्वयात्मक रूपमा कार्य गर्नेछन्।

१७.३ विषयको रूपमा मातृभाषाको पाठ्यक्रम विद्यालयले तयार गरी कार्यान्वयन गर्नेछ।

१७.४ कक्षा १ देखि ३ सम्मका भाषा बाहेकका अन्य विषयको शिक्षणको माध्यम भाषा सम्बन्धित मातृभाषा गर्न चाहने विद्यालयले नेपाल सरकारको स्वीकृत पाठ्यक्रम एवम् विकास भएका पाठ्यपुस्तकको विपरीत नहुने गरी कक्षागत रूपमा अनुवाद एवं नयाँ विकास गरी स्वीकृतिका लागि जिल्ला पाठ्यक्रम समन्वय समितिमा पेस गर्नेछ।

१७.५ जिल्ला पाठ्यक्रम समन्वय समितिले विकास एवम् भावानुवाद गरेका पाठ्यसामग्री नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरिएको पाठ्यक्रम एवंम् पाठ्यपुस्तक बमोजिम भए नभएको अध्ययन गरी उपयुक्त देखिएमा शैक्षिक सत्रको सुरूदेखि नै प्रयोग गर्न स्रोत केन्द्र एवम् विद्यालयलाई लेखी पठाउन र सुधार एवम् परिमार्जन गर्नुपर्ने देखिएमा आवश्यक राय सुझावसहित शैक्षिक सत्र सुरू हुनुभन्दा ४५ दिन अगाडि स्रोत केन्द्र/विद्यालयमा फिर्ता पठाउन सक्नेछ।

१७.६ फिर्ता भएको पाठ्यसामग्रीलाई सम्बद्ध विद्यालय एवम् भाषिक समुदायको सहभागितामा १५ दिनभित्र सुधार एवम् परिमार्जन गरी स्वीकृतिको लागि जिल्ला पाठ्यक्रम समन्वय समितिमा पेस गर्नुपर्नेछ ।

१७.७ पुनः पेस भएका पाठ्यसामग्रीको अध्ययन गरी स्वीकृत पाठ्यक्रमको मूल मर्म एवम् भावअनुरूप देखिएमा शैक्षिक सत्रको सुरूदेखि प्रयोग गर्ने गरी जिल्ला पाठ्यक्रम समन्वय समितिले लेखी पठाउन सक्नेछ ।

१७.८ स्थानीय तहमा तयार पारिने पाठ्यसामग्रीको स्रोत सम्बन्धित भाषिक समुदायको धर्म, संस्कृति, चालचलन, परम्परा एवम् स्थानीय ज्ञान हुनेछ ।

१७.९ पाठ्यक्रममा उल्लिखित उद्देश्य एवम् सिकाइ उपलब्धि हासिल हुने कुरा सुनिश्चित हुने गरी अन्य सन्दर्भ सामग्रीको विकास गर्न यो निर्देशिकाले कुनै बाधा पारेको मानिने छैन ।

१७.१० स्थानीय समुदाय एवम् विद्यालयबाट तयार भएका पाठ्यक्रम एवम् पाठ्यसामग्रीको सर्वाधिकार विद्यालयमा नै रहनेछ ।

१७.११ शिक्षण सिकाइको माध्यमको रूपमा मातृभाषा प्रयोग गर्दा पहिलो वर्ष कक्षा १ त्यस पछि दोस्रो वर्ष कक्षा २ र तेस्रो वर्ष कक्षा ३ मा गरी क्रमशः कार्यान्वयन गर्नुपर्ने छ ।

१७.१२ विद्यालयबाट तयार पारिएका मातृभाषा विषयको पाठ्यक्रम एवम् पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा विद्यालय एवम् भाषिक समुदायको समन्वयमा प्रत्येक वर्ष कम्तीमा १ पटक मातृभाषामा आधारित सामुदायिक ज्ञान महोत्सवको आयोजना गर्नुपर्नेछ र उक्त ज्ञान महोत्सवमा अभिभावकहरूले पाठ्यक्रममा आधारित प्रश्नहरू तयार गरी विद्यार्थीको मूल्याङ्कन गर्नेछन् ।

१७.१३ मातृभाषामा पाठ्यसामग्री तयार गर्न सरकारबाट शीर्षक तोकी बजेट व्यवस्था भएमा सोहीअनुसार र सो नभएमा सरकारबाट निः:शुल्क पाठ्यपुस्तकका लागि निकासा हुने बजेटबाट दोहोरो नपर्ने गरी पाठ्यसामग्री विकास छपाई एवम् प्रयोगको लागि वितरण गर्न सकिनेछ ।

१७.१४ जिल्ला पाठ्यक्रम समन्वय समितिले कुनै विद्यालय एवम् स्रोत केन्द्रमा तयार गरिएका पाठ्यक्रम एवम् पाठ्यसामग्रीलाई मातृभाषा प्रयोग गर्ने अन्य विद्यालय एवमं स्रोत केन्द्रमा प्रयोग गर्न अनुमति प्रदान गर्नसक्नेछ ।

१८ कुनै व्यक्ति सङ्घ/संस्थाले तयार गरेका मातृभाषासँग सम्बन्धित पाठ्यपुस्तक, पाठ्यसामग्री वा सन्दर्भ सामग्री जिल्ला पाठ्यक्रम समन्वय समितिको पूर्वअनुमतिविना विद्यालयमा प्रयोग गर्न पाइने छैन ।

१९. एकल मातृभाषी वा बहुभाषि विद्यालयले पाठ्यक्रम एवम् पाठ्यपुस्तक विकाससम्बन्धी आवश्यक प्राविधिक सहयोग पाठ्यक्रम विकास केन्द्र, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र तथा भाषिक सङ्घ संस्थाहरूबाट लिन सक्नेछन् ।

२०. पाठ्यक्रम विकास केन्द्रले विभिन्न मातृभाषाको संवर्धन र प्रवर्धनका लागि आवश्यकता अनुसार पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्रीहरू विकास तथा वितरण गर्न सक्नेछ ।

## परिच्छेद – ७

### लिपिसम्बन्धी व्यवस्था

२१. लिपिसम्बन्धी व्यवस्था :

२१.१ सामान्यतया विद्यालयमा प्रयोग गरिने लिपि सम्बन्धित विद्यालय एवम् भाषिक समुदायको निर्णयअनुसार छनोट गरिनेछ ।

## परिच्छेद – ८

### जनशक्ति विकास

२२. **जनशक्ति योजना**

२२.१ मातृभाषामा आधारित बहुभाषी शिक्षाका लागि काम गर्ने जनशक्तिको विकासको समुच्च योजना तयार गरिनेछ ।

२२.२ मातृभाषामा शिक्षा दिने शिक्षक एवंम् अन्य सम्बद्ध कर्मचारीहरूलाई पाठ्यक्रम विकास केन्द्रले तयार गरेको पाठ्यक्रम एवम् पाठ्यसामग्री बमोजिम शैक्षिक जनशक्ति विकास केन्द्रले जनशक्ति वकास योजना तयार गरी क्रमशः कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

२२.३ मातृभाषामा शिक्षा दिने शिक्षक, नेपाली भाषालाइ दोस्रो भाषाका रूपमा शिक्षण गर्ने शिक्षक, स्रोत व्यक्तिहरूका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षण सिकाइका विविध पक्षमा जनशक्ति विकाससम्बन्धी योजना तयार गरी कार्यन्वयनको व्यवस्था मिलाउनेछ ।

२२.४ अनौपचारिक शिक्षाका लागि मातृभाषामा काम गर्ने जनशक्तिका लागि अनौपचारिक शिक्षा केन्द्रले तयार गरेको अनौपचारिक शिक्षा पाठ्यक्रम एवम् पाठ्यसामग्रीको आधारमा शैक्षिक जनशक्ति विकास केन्द्रले जनशक्ति विकास योजना बनाई कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

२२.५ मातृभाषाका लागि व्यवस्थापकीय काम गर्ने पदाधिकारीहरूका लागि शिक्षा विभागले जनशक्ति विकासको योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

२२.६ मातृभाषामा आधारित बहुभाषी शिक्षाका लागि भाषिक समुदायसँग साझेदारीमा जनशक्ति विकासको काम गर्न सकिनेछ ।

## परिच्छेद - ९

### विविध

**२३. थप अनुदानको विशेष व्यवस्था**

२३.१ मातृभाषामा पाठ्यक्रम विकास, पाठ्यसामग्री विकास एवंम् प्रयोग गर्ने जिल्ला, स्रोत केन्द्र एवं विद्यालयलाई तोकिएबमोजिम थप अनुदान एवम् मातृभाषामा शिक्षा लिने विद्यार्थी संख्याका आधारमा प्रचलित प्रति विद्यार्थी लागत दरमा बृद्धि गरी उपलब्ध गराउन सकिनेछ ।

२३.२ मातृभाषामा आधारित बहुभाषी शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने जिल्लाले आफ्नो जिल्लामा कुन कुन स्रोत केन्द्र वा विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने हो उक्त कार्यकममा समावेश गरिने विद्यार्थी सङ्ख्या समेतको विवरण र कार्यक्रम तयार गरी आवश्यक पर्ने बजेट औचित्यसहित जिल्ला शिक्षा योजनामा समावेश गरी शिक्षा विभागमा पठाउनुपर्नेछ ।

२३.३ शिक्षा विभागले आवश्यकताअनुसार बहुभाषी शिक्षा निर्देशक समितिमा छलफल गरी केन्द्र जिल्ला एवम् विद्यालय तहको बजेट तयार गरी मन्त्रालयमा पेस गर्नेछ ।

२३.४ विभागले प्राप्त स्वीकृत जिल्ला स्तरीय कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट खर्च गर्ने मान्यता र आधार स्पष्ट पारी जिल्लामा पठाउनुपर्नेछ ।

२३.५ मातृभाषाको विकास, मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा विद्यालय समयका अतिरिक्त काम गर्ने शिक्षक एवम् अन्य व्यक्तिलाई विद्यालयमा निकासा भएको अनुदान रकम वा विद्यालयको आन्तरिक स्रोतबाट खर्च गर्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार प्रोत्साहन भत्ता एवम् पारिश्रमिक दिन सक्नेछ ।

२४. मातृभाषाका लागि काम गर्ने विद्यालय एवम् स्रोत केन्द्रहरूको बीचमा सहयोग समन्वय हुने गरी भाषिक सञ्जाल स्थापना गरिनेछ ।

२५. मातृभाषामा शिक्षा सचालन गर्दा प्राप्त भएका अनुभव एवम् उपलब्धिका आधारमा कार्यक्रम विस्तार गर्दै लगिनेछ ।